# २०२५ सालको राष्ट्रिय जनगणना

# सर्वेक्षण पत्र भर्ने तरिका

आन्तरिक मामिला तथा
संचार मन्त्रालय
तथ्याङ्क विभाग

**राष्ट्रिय जनगणनाको उदेश्य र सर्वेक्षण पत्र भर्ने तरिका उल्लेख गरिएकोले "सर्वेक्षण पत्रको अनुवाद" र यस "सर्वेक्षण पत्र भर्ने तरिका" को २ देखी ८ पेजलाई हेर्दै जापानी भाषाको सर्वेक्षण पत्रमा भर्नुहोस्।**
**जापानी भाषाको सर्वेक्षण पत्र ३ ठाउँमा पट्याएर टिकट नटासी खाममा हालेर अक्टोबर ८ तारिख (बुधवार) सम्ममा नजीकैको हुलाक बाकसमा खसाल्नुहोस्। म्याद सकिए तापनि प्राप्त नभएमा तपाईंको कोठामा सर्वेक्षण पत्र लिन आउनेछौं।**
**उत्तरका अन्तर्वस्तुलाई तथ्याङ्क तयार पार्न मात्र प्रयोग गरिने छ। अध्यागमन वा प्रहरीले गर्ने अनुसन्धान जस्ता अन्य उद्देश्यमा प्रयोग गरिने छैन।**

## ष्ट्रिय जनगणनाको बारेमा

२०२५ साल अक्टोबर १ तारिखमा जापान अधिराज्यभरी राष्ट्रिय जनगणनाको सर्वेक्षण गरिनेछ।

राष्ट्रिय जनगणना तथ्यांक ऐन भन्ने कानुनको आधारमा सरकारले सञ्चालन गर्ने राष्ट्रकै सबैभन्दा महत्त्वपूर्ण सर्वेक्षण भएको हुनाले, विदेशी वा जापानी नागरिकहरू जो यस देशमा बसेका छन्, सबै यस सर्वेक्षणमा पर्दछन्। यस तथ्यांक ऐनमा सर्वेक्षण पत्र भरेर बुझाउनु पर्ने अनिवार्यता उल्लेख गरिएको छ। यसैगरी सर्वेक्षणमा काम गर्ने वा राष्ट्रिय जनगणनामा काम गर्ने कर्मचारीहरूले गोपनियताको पालना गर्नुपर्ने समेत कानुनत: उल्लेख छ। तपाईंले भर्नुभएको सर्वेक्षण पत्रको जानकारी बाहिर लीक हुन दिइनेछैन र यसको विवरणलाई गणना गरेपछी पुरारुपमा नष्ट गरिनेछ। जनगणनाको नतिजा विदेशबाट आउनुभएका नागरिकहरूलाई पनि सुहाँउदो शहरी व्यवस्था गर्ने योजना बनाउनको लागि आधारभूत तथ्यको रूपमा प्रयोग गरिनेछ।

## सर्वेक्षण पत्र घरधुरी अनुसार भर्नु पर्नेछ।

◆ **साधारण परिवार जस्तै एकै घरमा बसेर जीवन यापन गर्ने मान्छेहरूलाई एक घरधुरी भनिनेछ।**
◆ **एउटा घरमा एक्लै बसेको व्यक्तिको भए तापनि, एक घरधुरीको हिसाब गरिनेछ।**

● तल उल्लेख गरिएको व्यक्तिहरूको घरधुरी लेख्दा तल दिएझै गर्नुहोस्।

○ आफन्तको वा चिनेको मान्छेकोमा बसेको
(रूम शेयर पनि समावेश हुने) …… एक्लो, १ जना भएपनि १ घरधुरी लेख्नुहोस्।
दाजुभाइ दिदीबहिनीको परिवार सँगै भए, परिवार अनुसार घरधुरी लेख्नुहोस्।

○ काम गर्ने ठाँउमै बस्ने एक्लो…… साहुजीको परिवारसँग बसेको भए साहुजीको घरधुरीमा जोडिनेछ।
साहुजी बसेको घर बाहेकको घरमा बस्ने भए, एक्लै छुट्टै घरधुरी लेख्नुहोस्।


○ कार्यालय वा सरकारी काम गर्नेले एक्लोको लागि होस्टेल, क्वाटर आदिमा बस्ने एक्लो……
एक्लै घरधुरी लेख्नुहोस्।

## सर्वेक्षण पत्र भर्ने तरिका

● सर्वेक्षण पत्र, कालो सिसाकलम वा सार्प पेन्सिलले भर्नुहोस्।

● चिनो “⬭ ” लाई “⬬” हुने गरी सिसाकलमले भर्नुहोस्।

● **अंक लेख्दा कोठाबाट बाहिर ननिस्कने गरी दायाँ तिरबाट** लेख्दै जानुहोस्।




## सर्वेक्षण पत्र पहिलो पाना भर्ने तरिका

### घरधुरीको बारेमा

**१ घरधुरीको प्रकार**

“अन्य” घरधुरीमा घर नभएका वा लजिङ वा निर्माण कामदारको आवासमा एक्लै बस्ने व्यक्तिहरू आदि पर्छन्।

**२ एकै घरधुरीमा बस्नेको संख्या**

घरधुरीमा बस्ने मान्छे ५ जना भन्दा बढी भएमा सर्वेक्षण पत्रको पहिलो पानामा सबैको संख्या लेख्नुहोस्।

**३ बस्ने घरको प्रकार**

**आफ्नै घर** ……………………आफ्नै घर। दर्ता नगरेको भएपनि, आवास ऋणमा किनेर तिर्न बाँकी भएपनि

**यु आर** (UR) **वा अन्य प्राधिकरणले सञ्चालन गरेको भाडाको घर** …………यु आर वा अन्य प्राधिकरणले सञ्चालन गरेको भाडाको घर, अञ्चल, वार्ड, नगर वा गाउँले सञ्चालन गरेको भाडाको घर तर अफिसको, सरकारी कर्मचारीको क्वाटर बाहेक

**अफिसको, सरकारी कर्मचारीको क्वाटर** …………काम गरेको कम्पनी, सरकारी कार्यालय वा रोजगार दिने साहुजीको व्यक्तिगत वा भाडाको कोठामा बसेको

**आफन्तकोमा बाहालमा**…… अन्य परिवार बसेको घरमा केही भाग बाहालमा बसेको तर त्यो बाहालको कोठा तलको १ र २ दुबैसँग मेल खायो भने “निजी कम्पनीको भाडाको घर” लेख्नुहोस्।

**काम गर्ने ठाउँको सिंगल रुम, होस्टेल** …अफिस, सरकारी कार्यालय, संघसंस्था आदिले एक्लो कर्मचारी, स्टाफको लागि आफ्नै वा भाडामा लिएको भवन

तर त्यो बसोबास गर्ने भाग, तलको १ र २ दुबैसँग मेल खायो भने "अफिसको, सरकारी कर्मचारीको क्वाटर" लेख्नुहोस्।

| |
|---|
| (१) अर्को घरधुरीको व्यक्तिहरूसँग बस्ने कोठा पुरै बारेको अवस्था<br>(२) आफ्नो कोठाको अलग्गै ढोका र खाना बनाउने ठाउँको निकाश (किचन), चर्पी भएको अवस्था<br>(अन्य व्यक्तिहरूसँग सगोलमा प्रयोग गरेपनि तिनको कोठामा नपसिकन प्रयोग गर्न सक्ने अवस्थामा) |

## ४ घर निर्माण गर्ने तरिका

एकल परिवार घर… एउटा भवनले एउटा आवासको रूपमा काम गर्ने भवनलाई भनिन्छ। कुनै भवनलाई आवास र व्यावसायिक स्थलको रूपमा प्रयोग गरिए पनि यदि सम्पूर्ण भवन एउटा आवास हो भने यसलाई "एकल परिवार घर" मानिन्छ।

संयुक्त घर… अपार्टमेन्ट・मन्शोन जस्तै एउटा भवनमा दुई वा सोभन्दा बढी आवासहरू भएको, आवासहरूले कोरिडोर र भऱ्याङहरू सँगै प्रयोग गर्ने वा आवासहरूको माथि अर्को आवासहरू बनाइएका भवनलाई भनिन्छ। यसमा पहिलो तल्लामा व्यावसायिक स्थल भएको दोस्रो तल्ला वा सोभन्दा माथि आवास भएको भवन पनि समावेश छ। यस अवस्थामा तपाईंले "सम्पूर्ण भवनको तल्लाहरूको संख्या" र "बस्ने कोठाको तल्ला" पनि भर्नुपर्छ।

＊ बाहिरबाट हेर्दा साधारण एकल परिवार घर जस्तो देखिए पनि यदि पहिलो र दोस्रो तल्लामा छुट्टाछुट्टै आवासहरू छन् र दोस्रो तल्लामा जाने बाहिरी सिँढी छ भने यसलाई "संयुक्त घर" मानिन्छ।

＊ मैसोनेट-प्रकारको आवास (संयुक्त घर जहाँ एउटा परिवारको लागिको कोठा दुई तल्लामा फैलिएको हुन्छ) को अवस्थामा प्रवेशद्वार रहेको तल्लालाई "बस्ने कोठाको तल्ला" मानिन्छ।

＊ यदि भवन बेसमेन्ट भएको "संयुक्त घर" हो भने "सम्पूर्ण भवनको तल्लाहरूको संख्या" मा माथिल्लो तल्लाहरूको संख्या लेख्नुहोस्। यदि तपाईं बेसमेन्टमा बस्नुहुन्छ भने "बस्ने कोठाको तल्ला" मा "१" लेख्नुहोस्।

जोडिएको घर… जोडिएको घर र टेलस हाउस जस्तै घरको पर्खाल साझा गर्दै दुई वा सोभन्दा बढी घरहरू छेउछाउमा बनाइएका हो र प्रत्येक घरको बाहिरी भागमा छुट्टै प्रवेशद्वार भएको घरहरुलाई भनिन्छ।

अन्य… माथि उल्लेखित बाहेक कारखाना, कार्यालय आदि भित्र आवास भएका अवस्थाहरूलाई भन्छ।

## घरधुरीमा बस्ने सबै परिवारको बारेमा

### ५ नाम र लिङ्ग

● २०२५ साल अक्टोबर महिना १ तारिख रातिको १२ बजे सम्ममा जन्मिएको नवजात शिशुको, **नाम नराखेको भए**, (नाम) को भित्र "नाम राख्न बाँकी" भनेर लेखि, लिङ्गमा चिनो लगाउनुहोस्।

**सँगै बस्ने व्यक्ति** भन्नाले, विदेशी नागरिकले गर्नुपर्ने रजिस्ट्रेशन दर्ता गरे नगरेको, जे भएपनि **२०२५ साल अक्टोबर १ तारिखको** मितिमा, तपाईंको घरधुरीमा बस्ने सम्पूर्ण व्यक्तिलाई जनाइनेछ।

- ◆ **३ महिना भन्दा बढी सँगै बसेको मान्छे।**
- ◆ **अझै ३ महिना नभएको तर ३ महिना भन्दा बढी बस्ने पक्का भएको मान्छे।**

● परिवार बाहेकको मान्छे भएपनि तपाईंको घरधुरीमा ३ महिना भन्दा बढी बसेको वा बस्ने कुरा पक्का भएको भए त्यस व्यक्तिको बारेमा पनि भर्नुहोस्।

● तल उल्लेखित व्यक्तिले दिइएअनुसारको सर्वेक्षणको ठाउँमा भर्नु पर्नेछ।

➢ परिवारमा तलका व्यक्तिहरू भए, भर्ने बेला ध्यान दिएर भर्नुहोस्।

○ यात्रा, काममा वा कमाउन बाहिर गई, केही समय नफर्कने व्यक्ति

……घर छाडेको समय ३ महिना भन्दा कम भए घरमा सर्वेक्षण गर्ने

……घर छाडेको समय ३ महिना भन्दा बढी भएमा यात्रा, काम वा कमाउन गएको ठाउँमा सर्वेक्षण गर्ने

○ स्कुलको विद्यार्थी होस्टेल, चिनेको मान्छेकोमा भाडामा बसी स्कुल जाने विद्यार्थीले

…… उक्त होस्टेल वा भाडामा बसेको ठाउँबाट सर्वेक्षण गर्ने

○ अस्पताल वा उपचारस्थलमा भर्ना भएका बिरामी भए

…… भर्ना भएको ३ महिना भन्दा कम भए घरमा सर्वेक्षण गर्ने

…… भर्ना भएको ३ महिना भन्दा बढी भएमा अस्पताल वा उपचारस्थलमा सर्वेक्षण गर्ने

○ पानीजाहाजमा चढेकाहरूले …… घरमा सर्वेक्षण गर्ने

○ कारागार・थुनामा राखिएकाहरू मध्ये सजाय तोकिएका व्यक्ति

○ बाल उत्थान गृहमा राखिएका व्यक्ति

…… राखिएको भवनमा सर्वेक्षण गर्ने

○ ३ महिना भन्दा बढी समय बसेको ठाँउ वा बस्ने ठाँउ पनि नभएको व्यक्ति

…… हाल बसेकै ठाँउमा सर्वेक्षण गर्ने

○ २ ठाँउमा बस्ने कोठा भएको व्यक्ति

…… सधैंजसो सुत्ने गरेको ठाउँ मध्ये धेरै प्रयोग गर्ने कोठामा सर्वेक्षण गर्ने

## ६ घरमूलीसँगको सम्बन्ध

घरमा बस्ने व्यक्ति मध्ये १ जनालाई "घरमूली वा प्रमुख" बनाउनुहोस्।
अन्य घरमा बस्ने सबै "घरमूली वा प्रमुखको" के साइनो पर्छ त्यसमा चिनो लगाउनुहोस्।

**अन्य नाता**……… जिजुबा जिजुआमा, पनाति पनातिनी, काका काकी भतिजो भतिजी, काकाको छोराछोरी वा नातेदारको छोराछोरी (तिनको श्रीमान वा श्रीमति समेत)

**त्यस बाहेक** ……… साथीको बच्चा पालेको वा आफन्त बाहेकको मान्छे सँगै बसेको (तर काममा साहुकोमा बसेको बाहेक)

## ९ राष्ट्रियता

दुई भन्दा बढी देशको नागरिकता भएकाले, जापानको नागरिकता पनि भए "जापानी" भनेर लेख्नुहोस्। जापानी नागरिकता नभएकाले कुनै एक देशको नाम यो भित्र [(देश)] लेख्नुहोस्।

## १० अहिलेको ठेगानामा बसेको अवधि

अहिलेको ठाउँमा बस्न थाले यता सरुवा, काज, यात्रा, कमाउन वा काम विशेषले ३ महिना भन्दा बढी कोठा छाडेको भए बाहिरबाट फर्केपछि पुन: बस्न थाले यता कति समय भयो त्यसमा चिनो लगाउनुहोस्।

## ११ ५ बर्ष अगाडि (२०२० साल अक्टोबर १ तारिखमा) कहाँ बस्नुभएको थियो?)

५ बर्ष अगाडि (२०२० साल अक्टोबर १ तारिख) मा प्राय: बस्ने गरेको ठाँउको बारेमा लेख्नुहोस्।

- २०२५ साल अक्टोबर १ तारिखमा अझै अस्पतालमा भएका नवजात शिशुको हकमा अस्पतालबाट निस्केपछि बस्ने घरको ठाउँ लेख्नुहोस्।
- टोक्यो महानगरपालिकाका वार्डहरू तल दिएका २३ वटा छन्।

चियोदा, च्युओउ, मिनातो, सिनज्युकु, बुन्क्यो, ताइतोउ, सुमिदा, कोउतोउ, सिनागावा, मेगुरो, ओता, सेतागाया, सिबुया, नाकानो, सुगिनामि, तोसिमा, किता, आराकावा, इताबासि, नेरिमा, आदाचि, काचुसिका, एदोगावा

सर्वेक्षण पत्रको दोस्रो पाना भर्ने तरिका

**घरको सबै परिवारको बारे**

## १२ २०२५ साल सेप्टेम्बर २४ देखी ३० सम्म १ हप्तामा काम गर्नुभयो?

सेप्टेम्बर २४ देखी ३० सम्मको १ हप्तामा पारिश्रमिक आदि लिएर थोरै भएपनि काम गरेको मान्छेले माथीको कोठामा चिनो लगाउनुहोस्। पारिश्रमिक लिएर थोरै पनि काम नगरेको मान्छेले तलको कोठा मध्ये आफूलाई मिल्ने ठाउँमा चिनो लगाउनुहोस्।

"प्रशिक्षार्थी कामदार" को भिसा भएको मान्छे मध्ये लेक्चर वा अध्ययन अवधि हो भने, स्कुल जाने मा चिनो लाउनुहोस्।

**घरको वा अन्य काम** … प्राय: घरको काम धन्दा गर्नुका साथसाथै पार्ट टाइम गर्ने, घरमै उद्योग वा पसल भएकाले त्यसको सहयोग गर्ने, घरमा ल्याएर गर्ने आम्दानी हुने काम।

**काममा बिदा लिएको**··· **काम गरेको मान्छे** बिरामी वा बिदामा बसेर काम नगरेको अवस्थामा पनि तलब आउने छ भने, रोजगारी ऐन अन्तर्गत बच्चा पाएर हुर्काउनको लागि तलबी बिदा, परिवारको वृद्धको सेवा गर्न लिइने तलबी बिदा
**काम गर्ने परिवारको सदस्य** बिरामी वा बिदा लिइ ३० दिन नपुगेको अवस्था

**काम खोज्दै गरेको**······ काम नपाएर हलोवर्क (सार्वजनिक रोजगार प्रवर्धन) मा नाम लेखाइ, पत्रिकामा निस्कने रोजगारको बिज्ञापन हेरेर दरखास्त दिने, अन्य व्यक्तिलाई काम मिलाई दिनुहोस् भनेर अनुरोध गर्ने गरेर अग्रसर भई काम खोज्ने मान्छे।
तर काम मिलेको बेलामा त्यो काममा तुरुन्त छिर्न सक्ने व्यक्ति हुनु पर्नेछ।

**स्कुल जाने**··············· जापानी भाषाको कक्षा, खाना बनाउन हप्तामा १ वा २ पटक सिक्न जानेलाई गनिने छैन
➢ किन्डरगार्टन, नर्सरी अथवा नर्सरी सरह प्रमाणीत बाल उद्यानमा जाने गरेको भए, "अन्य" गर्ने।

## काम वा अध्ययन गर्ने मान्छेको बारेमा

### १३ काम वा अध्ययन गर्ने ठाउँ

- काम पनि गर्दै अध्ययन पनि गरेको व्यक्ति भए काम गरेको ठाँउमा चिनो लगाउनुहोस्।
  - ➢ टोक्यो महानगरपालिका र वार्ड का मान्छेले ५ पेजको ११ को ५ बर्ष अगाडिको (२०२० साल अक्टोबर १ तारिखमा प्राय: बस्ने गरेको ठाँउको बारेमा लेख्नुहोस्) को बर्णन हेर्नुहोस्।

- तल दिइएका व्यक्तिहरूले उल्लेखित काम गर्ने ठाउँ लेख्नुहोस्।
  - ○ आफ्नो खेत जंगल वा जहाजबाट माछा मार्ने काम गरेका व्यक्ति··· घर
  - ○ आफ्नै व्यवसाय मा सिकर्मी व्यापारमा लागेका आदि ··············· घर
  - ○ रोजगारीको सिलसिलामा घर बाहिर काम गरेका व्यक्ति ············ खटाइएको व्यवसायको कार्यालय भएको वार्ड, नगर वा गाउँ (बाहिर काम गर्ने कर्मचारी, ड्राइभर आदि)
  - ○ पानीजहाजमा चढेका मान्छेहरू········· त्यो जहाज प्राय: राख्ने बन्दरगाह भएको वार्ड, नगर वा गाउँ

## काम गर्ने मान्छेको बारेमा

### १४ नोकरी गर्ने कि व्यवसाय

**नोकरी गर्ने मान्छे** ··· कम्पनी, संघसंस्था, सरकारी वा स्थानिय निकायमा, व्यक्तिगत व्यापार आदिमा नोकरी गर्ने मान्छेलाई जनाइन्छ।

⁎ **रोजगारको लागि अन्त पठाउने**···हाक्केन (काम गर्न पठाइएको) कर्मचारीलाई, "पार्ट टाईम" , "आरुबाइतो" आदि जे भनिए पनि, "हाकेन (काम गर्न पठाइएको) कर्मचारी गर्ने।

**कम्पनीको पदाधिकारी संचालक** ··· कम्पनीको मालिक, बोर्डका सदस्य, लेखा, गैर सरकारी प्रशासनिक क्षेत्रका संस्थाका पदाधिकारीहरू, अडिटरहरू आदि

➢ शाखा अधिकृत, विभागिय प्रमुखहरू मेनेजर लेबल नभएका र बोर्डका सदस्य नभएकालाई "नोकरी गर्ने मान्छे" भनिनेछ।

**आफै व्यवसाय गर्ने मान्छे** ·········काम गर्ने मान्छेलाई नोकरी दिएको भए "कर्मचारी राखेको" मा चिनो लाउनुहोस्।

नभए "कर्मचारी नराखेको" मा चिनो लाउनुहोस्।

➢ पसलको व्यवसायीले त्यो व्यवसाय कम्पनी वा संस्था (धितोपत्र सहितको संयुक्त लगानी वा निजी लगानी) सामुहिक लगानीको, संयुक्त नामको, संयुक्त कम्पनीको भए "कम्पनीको पदाधिकारी वा संचालक" मा चिनो लाउनुहोस्।

**परिवारले सँगै काम गर्ने** ········· कृषक वा व्यक्तिगत व्यापार, कृषी पेशामा, पसलमा काम गर्न मद्दत गर्ने परिवार आदि

**साइड काम** ··················· कच्चा पदार्थ दिइने र ठुलो लगानी वा साधन नचाहिने घरमै बसेर एक्लैले पनि गर्न सक्ने कामहरू यसमा पर्दछन्।

## १५ काम गर्ने ठाउँको नाम र कामको विवरण

● आफूले काम गरिरहेको ठाउँ (मुख्य कार्यालय, शाखा, व्यापार कक्ष, कारखाना, पसल) को नाम लेख्नुहोस्।

○ **शाखा वा व्यापार कक्षमा काम गर्ने व्यक्तिले** कम्पनीको नाम मात्र नभइ साच्चै काम गरेको शाखा वा व्यापार कक्षको नाम समेत उल्लेख गर्नुहोस्।

○ **२ वटा भन्दा बढीको कार्यस्थलमा काम गर्ने व्यक्ति**ले, काम गरेको घण्टा सबैभन्दा लामो भएको ठाँउ चाहिँ लेख्ने।

○ **हाक्केन (काम गर्न पठाइएको) कर्मचारी**ले, काम गर्न जाने कार्यस्थलको नाम लेख्ने।

## १५ कम्पनीमा गर्ने कामको विवरण

● त्यस कार्यस्थलमा **मुख्य रूपमा गर्ने गरेको कामको विवरण** लेख्नुहोस्।

● मुख्य उत्पादन, सामान, सेवाको प्रकार, मर्मत वा निर्माणको भिन्न, थोक बिक्री वा खुद्राको भिन्नता बुझ्ने गरी लेख्नुहोस्।

○ **त्यस कार्यस्थलमा २ प्रकार भन्दा बढीको काम गरिने भएमा**, मूल कामको विवरण एउटा मात्र लेख्ने।

○ **उत्पादन गरेका समानहरू सर्वसाधारणलाई बिक्री बितरण गर्ने गरेको छ भने** "○○ उत्पादन र खुद्रा बिक्री" भनेर लेख्ने।

○ **हाक्केन (काम गर्न पठाइएको) कर्मचारीले, काम गर्न जाने कार्यस्थल**को कामको विवरण लेख्ने।

## १६ **कामको विवरण**

○ त्यस कार्यस्थलमा, **मूल व्यक्तिले वास्तविक गरिरहेको कामको विवरण** लेख्नुहोस्।

○ "धितोपत्र विशेषज्ञ", "अन्तराष्ट्रिय वकिल", "डिजाइनर" लगायत **कामको विवरण बुझाउन सकिने नाम भए,** उक्त नाम लेख्नुहोस्।

○ **२ भन्दा बढी प्रकारको फरक काम गरिरहेका व्यक्ति**ले, काम गरेको घण्टा सबैभन्दा लामो काम गर्ने कार्यको विवरण एउटा मात्र लेख्नुहोस्।

- **प्रचार र बिक्रीको कामको साथै खाना बनाउने, उत्पादन गर्ने, मर्मत, प्राविधिक काम गर्ने व्यक्तिले** प्राविधिक काम गर्ने भनेर लेख्नुहोस्।
  नमुना : कानुनी अफिस सञ्चालन गर्ने र वकिल ……… वकिल
  रेस्टुरेण्ट व्यवसाय र कुक……… कुक

○ **हाक्केन (काम गर्न पठाइएको) कर्मचारीले, काम गर्न जाने कार्यस्थलमा** आफूले वास्तविक गर्ने गरेको कामको विवरण लेख्ने।

## १५ र १६ को नमुना

〔नमुना १〕 उत्पादनमुलक काम

| | | |
|---|---|---|
| **१५** कोठा | काम गर्ने ठाउँको नाम | आओइ सोरा मोटर कम्पनी लिमिटेड प्रथम |
| | कामको विवरण | गेरबक्सको उत्पादन |
| **१६** कोठा | आफूले गर्ने काम | गेरबक्सको एसम्बल |

〔नमुना २〕 सेवा दिने काम

| | | |
|---|---|---|
| **१५** कोठा | काम गर्ने ठाउँको नाम | टोटल केयर सेन्टर लिमिटेड |
| | कामको विवरण | वृद्धहरूको घरमा गएर नुहाइदिने, खाना बनाउने आदि केयर |
| **१६** कोठा | आफूले गर्ने काम | होम हेल्पर |

〔नमुना३〕 थोक बिक्रेता

| | | |
|---|---|---|
| **१५** कोठा | काम गर्ने ठाउँको नाम | रिका एक्सपोर्ट इम्पोर्ट कम्पनी |
| | कामको विवरण | युरोपको रक्सी बिक्री गर्ने |
| **१६** कोठा | आफूले गर्ने काम | सामान किन्ने बायर |